महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७८

हिलिहाङ गाउँपालिका,

पाचँथर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखापरीक्षा निर्देशनालय
प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७८/७९

च.नं. १९८

मितिः २०७८/५/४

श्री अध्यक्षज्यू,
हिलिहाङ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
पाचँथर।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजू उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय

प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७८/७९ (प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)

च.नं.: १९७ मितिः२०७८।५।४

श्री अध्यक्षज्यू,
हिलिहाङ गाँउपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
पाँचथर ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले हिलिहाङ गाँउपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आयव्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आयव्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१०।१५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया भएको भएन। अन्तिम प्रतिवेदन पाना २९ यसैसाथ संलग्न छ ।
२. लेखापरीक्षणबाट रु. ३ करोड ३० लाख २७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३७ लाख ८५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. २९ लाख ५७ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ६२ लाख ८५ हजार रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

लेखापरीक्षण प्रतिवेदन

२०७६।७७

परिचय -स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस हिलिहाङ गाउँपालिकाको स्थापना भएको हो।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु हिलिहाङ गाउँपालिकाको उद्देश्य रहेको छ।यस गाउँपालिका अन्तर्गत ७ वडा ३७ सभा सदस्य, १२३ वर्ग किलोमिटर क्षेत्रफल तथा २३ हजार जनसंख्या रहेको छ।

स्थानीय सञ्चित कोष – आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

पालिकालाई एकिकृत वार्षिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म ले प फा नं २७२) अनुसार पालिकाको यस वर्षको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

आर्थिक कारोबारको स्थिति

प्राप्ती भुक्तानी हिसाव									
		यस वर्ष रु.				गतवर्ष रु.			कैफियत
विवरण	टिप्पणी	बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	
प्राप्ती (क+ख)		४९४१५८७६६	४४८१७६१२१.४२		४४८१७६१२१.४२				
क. प्राप्ति (सञ्चितकोषमा आम्दानी बाँधिने)		४१६३३१७६६	३७०२६८१३३.४२	०	३७०२६८१३३.४२	०	०	०	
११००० कर	११	७७४३५०००	५०९४०४२३.१९	०	५०९४०४२३.१९	०	०	०	
१३००० अनुदान	१२	३१२२९९०००	३१२५०७०००	०	३१२५०७०००	०	०	०	
संघीय सरकार	१२	२८४१८००००.००	२८४३८८०००	०	२८४३८८०००	०	०	०	
प्रदेश सरकार	१२	२८११९०००.००	२८११९०००	०	२८११९०००	०	०	०	
१४००० अन्य राजस्व	११	६४६०५५०.००	६८२०७१०.२३	०	६८२०७१०.२३	०	०	०	
१५००० विविध प्राप्ति		२०१३७२१६.००	०	०	०	०	०	०	
ख. अन्य प्राप्ति		७७८२७०००	७७९०७९८८		७७९०७९८८				
कोषहरु	१५		०	०		०	०	०	
आकस्मिक कोष		४००००००	३७०००००		३७०००००				
कोरोना/प्रकोष व्यवस्थापन कोष		६००००००	६०९५६५५	०	६०९५६५५				
धरौटी	१५	०	२८७८३८२	०	२८७८३८२	०	०	०	

संघीय सरकार, प्रदेश सरकार वा अन्य कार्यक्रम	१६	६७८२७०००	६५२३३९५१	०	६५२३३९५१	०	०	०	
भुक्तानी (ग+घ)		४९४१५८७६६	४१४७२८५८३.९२		४१४७२८५८३.९२				
ग.भुक्तानी (सञ्चितकोषबाट)	१०	४१६३३१७६६	३३९५७२६५३.९२	०	३३९५७२६५३.९२				
२१०००पारिश्रमिक/सुविधा	१८	१७२५५११९८	१५७५०६१५९.००	०	१५७५०६१५९.	०	०	०	
२२००० मालसामान तथा सेवाको उपयोग	१८	६२३९०७३८	३९३०३२७२.९२	०	३९३०३२७२.९२	०	०	०	
२६०० अनुदान	१८	२५९९०००	२५६९०००.००	०	२५६९०००.	०	०	०	
२५००० सहायता (Subsidy)	१८	६३५३००२	६२०२८६५.००	०	६२०२८६५.	०	०	०	
२७००० सामाजिक सुरक्षा	१८	४६१०५००	२४५२२६२.००	०	२४५२२६२.	०	०	०	
२८००० अन्य खर्च	१८	१२१६१५२६	१०५९७८९२.००	०	१०५९७८९२.	०	०	०	
३१००० गैर वित्तीय सम्पत्ती /पुँजीगत खर्च	१८	१५५६६५८०२	१२०९४१२०३.००	०	१२०९४१२०३.	०	०	०	
घ. अन्य भूक्तानी		७७८२७०००	७५१५५९३०		७५१५५९३०.				
कोषहरु	१५					०	०	०	
आकस्मिक कोष	१५	४००००००	३६७००००		३६७००००.				
कोरोना/प्रकोष व्यवस्थापन कोष	१५	६००००००	६०९५७५५		६०९५७५५.				
धरौटी	१५	०	३०००००	०	३०००००.	०	०	०	
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम	१६	६७८२७०००	६५२३३९५१	०	६५२३३९५१.	०	०	०	
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			-१४३७७६.		-१४३७७६.				
ङ. यो वर्षको बचत (न्युन)			३३४४७५३७.५		३३४४७५३७.५				
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)	१०	२००३७२१६.	२००३७२१६.	०	२००३७२१६.				
वर्षान्तको बाकी रकम (ङ + च)			५३४८४७५३.५	0	५३४८४७५३.५				
बैंक तथा नगद बाकी	२४		५३४८४७५३.५		५३४८४७५३.५				

दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	लेखापरीक्षणको दौरानमा देहाय बमोजिम असुली भएको भौचर पेश भएको छ । सि. न. | व्यहोरा | रकम | सञ्चीत कोष १. | आय कर दाखिला गरिएको | ६५०८० | सङ्घीय सञ्चित कोष २. | बढी भुक्तानी | ६२४०० | स्थानीय सञ्चित कोष | जम्मा | १२७४८० |	
	वित्तीय विवरण विश्लेषण	
१.	**वित्तीय विवरण** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ।सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् । • स्थानीय तहले सञ्चित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र सञ्चित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छ । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय-व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**आर्थिक कारोबार** - यस पालिकामा यस वर्ष रु. ४४८१७६१२१ आय भएकोमा २०७७ असार मसान्त सम्म रु.४१४७२८५८३ खर्च भई रु. ३३४४७५३७ मौज्दात रहेको छ । गत वर्षको मौज्दात समेत बर्षान्तमा सञ्चित कोष र अन्य कोष रु. ५३४८४७५३ रहेको देखियो ।	
३.	**कट्टी भएको दाखिला नभएको -** कार्यालयले सार्वजनिक खरिद नियमावली २०६४ र आयकर ऐन २०५८ बमोजिम कट्टी गरेको रकमहरु महिना भुक्तान भएको २५ दिन भित्र सम्बन्धित कार्यालय र धरौटी खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले रु.१४३७७६ कट्टी गरेको रकम दाखिला गरेको नदेखिएकोले दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.	१४३७७६
४.	**आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • वडाहरु र नगरका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा (विउ विजन खरीद पाडा सुगुर गाइ खरीद,कृषि सामान खरिद , सोलार खरिद, फर्निचर खरिद र सडक पुर्वाधार) विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन । • आर्थिक सहायता र औषधी उपचारको रकम वितरण गर्दा सो सम्बन्धि कार्यविधि बनाएर मात्र गर्नु	

पर्नेमा गरेको देखिएन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाईयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको देखिएन।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन ।
- कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न

सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- वातावरण संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार नगरेको
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- पालिकाले विद्यालयमा रकम निकासा गर्दा विद्यालयगत निकासा प्रष्ट देखिने गरी खाता राखेको देखिएन
- मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५. **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष र उप प्रमुख श्री सुमित्रा उप्रेती सेढाइले मिति २०७६।०३।१० गते रु.३८ करोड १७ लाख ८९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।०३। १० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।०४। ०६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

६. **चौमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

पुँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
	१२०९४१	४९७	१४४६३	१०५९८०	३६२८२

खर्च प्रतिशत	१००	.४१	११.९५	८७.६४	२९.९९

७. **पुँजीगत खर्च विधि -** कार्यालयवाट पेश भएको विवरण अनुसार पुँजीगत खर्च देहाय अनुसार गरेको पाइयो ।

जम्मा	खर्च रकम		
	वोलपपत्र	सिलबन्दी दरभाउपत्र	उपभोक्ता समिति वा लाभग्राही समुदाय
८१५२५४७५	२८९९६३७६	९१०१८९९	४३४२७२००
प्रतिशत	३५.५	११.१८	५३.३२

कुल खर्च मध्ये ५३.३२ प्रतिशत उपभोक्ता समितिवाट खर्च गरेकोले प्रतिष्पर्धात्मक विधिवाट खरिद गर्ने तर्फ पालिकाको ध्यान पुग्नु पर्दछ ।

८. **खरिद योजना -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ बमोजिम सार्वजनिक निकायले तोकिए बमोजिम खरिदको गुरुयोजना तथा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ।तर कार्यालयले यो वर्ष रु. ८१५२५४७५को खरिद गरे पनि सो अनुरुप खरिद योजना तयार गरेको पाइएन। अतः ऐन तथा नियमावलीमा तोके बमोजिम गुरु योजना तथा वार्षिक खरिद योजना बनाउने र सो बमोजिम खरिद व्यवस्थापन गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्नेछ।

९. **आन्तरिक ऋण -**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाउँपालिकाले वित्त आयोगको सिफारिसमा सम्बन्धित सभाबाट स्वीकृत गरी उत्पादनशील, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पुँजीगत कार्यक्रम लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ।यस गाउँपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन।

१०. **योजना छनौट -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक रणनीतिगत विषयको योजना बनाउदा मध्यकाली तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ।त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन कार्य गर्न सक्नेछ व्यवस्था रहेको छ ।तर पालिकाले ६४ वटा साना प्रकृतिका रु. ५००००० भन्दा घटीका आयोजना अध्ययन अनुसन्धान र प्रभाव मुल्याङ्कन बेगर रु. १४९५२२०० को छनौट तथा कार्यान्वयन गरेको देखियो।साना साना योजना वडावाट छनौट गरी कार्यान्वयन गर्ने गरेकोले मध्यकालीन तथा दीर्घकालीन योजना वनाइ मध्यम र ठुला आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ ।

११. **उपभोक्ता समितिको श्रेस्ता अनुगमन -** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिवाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजांच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्यांकन गर्ने कर्मचारीलाई प्रचलित कानुन बमोजिम कारबाही हुने व्यवस्था छ।उपभोक्ता समितिले राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन।उपभोक्ता समितिमार्फत् भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन।उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेको समेत देखिएन। उपभोक्ता समितिले लेखा नराख्ने, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले अनुगमन गर्नुपर्दछ ।

१२. **निर्माण कार्य सञ्चालनको अवस्था -** गाउँपालिकाले पेश गरेको विवरण अनुसार यसवर्ष देहाय अनुसारको खर्च भएको विवरण पेश भएको छ। कुल खर्च मध्ये ७०.३% उपभोक्ता समिति मार्फत खर्च गरेकोले निर्माण व्यवसायी मार्फत प्रतिस्पर्धात्मक रुपमा खर्च गर्नेतर्फ गाउँपालिकाको ध्यान जानु पर्ने देखियो ।

कार्यक्रमको नाम	निर्माण कार्यमा भएको कुल खर्च	कुल खर्च मध्ये उपभोक्ता समिति मार्फत भएको रकम	निर्माण व्यवसायीबाट भएको रकम
विभिन्न कार्यक्रम	९४२४४६५०	५७९५३७६०	३६२९०८९०

१३. **नक्सा पास -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । तर यो वर्ष गाउँपालिकामा नक्सा पाससम्बन्धी देहाय अनुसारको कामकारबाही भएको देखिन्छ । त्यसैले तोकेबमोजिम संरचना निर्माण गर्नु पूर्व गाउँपालिकाबाट नक्सापास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

क स	घर नक्सा पासको निवेदन संख्या	अस्थायी अनुमति	कार्यसम्पन्न संख्या		
			गत विगत वर्ष अनुमित लिएको मध्ये	यो वर्ष अनुमित लिएका मध्ये	जम्मा
१	३	९	१०	३	१३

१४. प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ३६ जना पदपूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जिनियर, जनस्वास्थ्य अधिकृत, शिक्षा अधिकृत,लेखाअधिकृत सहित ४२ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१५. स्थानीय तथ्यांक र अभिलेख - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्यांकले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ। तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ।

१६. कल्याण कोष - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको देखिएन।

<table>
<tr><td>१७.</td><td>कानून र सञ्चालन स्थिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ।जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना ३० कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ वटा ऐन, ३ वटा नियमावली, २१ कार्यविधि लगायत ४८ वटा कानून निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।</td><td></td></tr>
<tr><td>१८.</td><td>न्यायिक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन यो बर्ष कुल १८ विवाद दर्ता भएकोमा १८ वटा फछ्र्यौट भई टुङ्गो लगाउन बाँकी रहेको देखिएन।</td><td></td></tr>
<tr><td>१९.</td><td>पदाधिकारी सुविधा - गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७५ दफा ३ को अनुसूचि १ अनुसार गाउँपालिकाका अध्यक्ष , उपाध्यक्ष प्रमुखलाई सवारी साधन उपलव्ध नभएमा क्रमश १०००० र १०००० नगद पाउने व्यवस्था छ । त्यसैगरी वडाध्यक्ष र कार्यपालिका सदस्यलाई समेत यातायात सुविधा क्रमश ४००० र २५०० पाउने व्यवस्था छ गाउँपालिकाले निम्नानुसारका वडाध्यक्षलाई कार्यालयवाट १,१ थान मोटर साईकल प्रयोग गरेको ईन्धनको विल तथा लगसिटवाट देखियो।कार्यालयको सवारी साधन प्रयोग गरेर पनि मासिक रु.४००० यातायात खर्च वापत बुझि लिएकोले ऐनमा भएको व्यवस्था बमोजिम एउटा सुविधा मात्र लिनु पर्नेमा पदाधिकारीले दोहोरो सुविधा प्रयोग गरेकोले रु.२६८००० असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि नं</th><th>वडा नं</th><th>भुक्तानी</th></tr>
<tr><td>१</td><td>वडध्यक्ष गोपीकृष्ण भण्डारी</td><td>४८०००</td></tr>
<tr><td>२</td><td>वडध्यक्ष भिम प्रसाद हेम्व्या</td><td>४८०००</td></tr>
<tr><td>३</td><td>वडध्यक्ष मदन गौतम</td><td>४८०००</td></tr>
<tr><td>४</td><td>वडध्यक्ष लक्ष्मी प्रसाद सुहाङ</td><td>४८०००</td></tr>
<tr><td>५</td><td>वडध्यक्ष कृष्णा वहादुर यवा</td><td>४८०००</td></tr>
<tr><td>६</td><td>तिल विक्रम इधिङ्गो</td><td>२८०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२६८०००</td></tr>
</table></td><td>२६८०००</td></tr>
<tr><td></td><td>प्रदेश समपूरक</td><td></td></tr>
<tr><td>२०.</td><td>प्रदेश समपुरक अनुदानमा लागत साझेदारी नभएको - प्रदेश नं. १ प्रदेश समपुरक अनुदान कार्यविधि, २०७५ को दफा ४(२) मा कुल लागतको बढीमा ७० प्रतिशत सम्म प्रदेश सरकारले समपुरक अनुदानको रुपमा प्रदान गर्ने उल्लेख छ।तर गाउँपालिकाले यस वर्ष सञ्चालन गरेको २ योजनामा रु. ६३३८५४२।०० खर्च लेखेकोमा प्रदेश सरकारको मात्र श्रोतबाट खर्च लेखेकोले कार्यविधिमा उल्लेखित व्यवस्थाको पालना गरेको नदेखिएकोले ३० प्रतिशतले हुने रु.१९०१५६३ प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने देखिएको रु.</td><td>१९०१५६३</td></tr>
<tr><td>२१.</td><td>अनुदानको अनुगमन - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले युवा स्वरोजगार कार्यक्रमको लागि रु. २८०००० बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण</td><td></td></tr>
</table>

	हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको एकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	
२२.	**नाफामूलक संस्थालाई अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । तर पालिकाले यस वर्ष सिहंपुर महिला बचत तथा ऋण सहकारी सञ्चालन भनी रु १५०००० अनुदान उपलब्ध गराएको देखियो ।	
२३.	**व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै कर संकलन गरेको नदेखिएको साथै क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरेको छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।	
२४.	**सेवा प्रवाह -**गाउँपालिकाले पेश गरेको सेवा प्रवाह सम्वन्धि विवरण देहाय अनुसार रहेको छ ।	

क.सं.	विवरण	सेवा प्राप्तिका लागि निवेदन संख्या	सिफारिस संख्या
१	नागरिकता सिफारिस	४५८	४५८
२	घरबाटो सिफारिस	१२४	१२४
३	नाता प्रमाणित	१६६	१६६
४	जन्म, मृत्यु दर्ता	२३१७	२१४८

२५.	**विज्ञापन कर -** प्रदेश नं १आर्थिक ऐन, २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लगाई असुल गर्ने उल्लेख छ।तर पालिकाले यस सम्बन्धी कुनै कर असूल गरेको देखिएन्।	
२६.	**राजश्व कारोबारको लेखा -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०३ र १०८ प्रयोग नगरी आम्दानी गरेको छ । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०३ र म.ले.प.फा.नं. १०८ राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ।साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो।असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ।आम्दानी जस्तो संवेदनशील विषयमा गम्भीर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।	

२७. **मूल्य अभिवृद्धि कर कट्टी** - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ।तर पालिकाले देहायको भुक्तानीमा ५० प्रतिशत रकम रु. ८६५७३९ कट्टा नगरी फर्मलाई नै भुक्तानी दिएकोले कर समायोजन प्रमाण पेश हुनेपर्ने रु. ४७६४७५

भौ. नं. र मिति	फर्मको नाम	भुक्तानी रकम	भ्याट भुक्तानी	५०% भ्याट रकम असुल
९३।०७६।६।११ शसर्त पुँजीगत सघ	क्वालिटी कम्प्युटर ३००९१३८५७	१७२२४००	२२३९१२	१११९५६
२७२।०७७।३।३ सम नीकरण पुँ ीगत	शुभ निर्माण सेवा ६११६७७ ८१	२३४०३५७	३०४२४६	१५२१२३
१००।०७७।२।६ समानीकरण पुँजीगत	मन्दिशा एण्ड एम एस डी कन्स्ट्रक्सन	३२६ ६४५	४२४७९३	२१२३९६
जम्मा		७ ३०४०२	९५२९५१	४७६४७५

२८. **वन पैदावार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावार बिक्रीबापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सोसम्बन्धी अभिलेख तथा वन कार्ययोजना स्वीकृत गरेको देखिएन । आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन कार्ययोजनाको स्वीकृति तथा वन पैदावारको बिक्रीबाट प्राप्त हुने रकम आम्दानी गर्न पहल गर्नुपर्ने देखिन्छ।

समानीकरण चालु

२९. भ्रमण भत्ता - गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ८ अनुसार नगर कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा सदस्यले गाउँपालिकाको क्षेत्र वाहिर वास वस्न परेमा क्रमश ३ दिन २ दिन सम्मको भ्रमण आदेश अध्यक्ष र उपाध्यक्ष स्वयमले स्विकृत गर्नसक्ने र सो भन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यपालिकाको बैठकबाट स्विकृत वा अनुमोदन गर्नुृ पर्ने व्यबस्था रहेकोछ । यसै गरी दफा ८ अनुसार भ्रमण गर्दा स्विकृत भ्रमण आदेशमा भ्रमणको उद्धेश्य कारण र भ्रमणवाट प्राप्त हुने संभावित प्रतिफल समेत उल्लेख गर्नु पर्ने र भ्रमणबाट फर्किएको तीन दिनभित्र भ्रमण बाट प्राप्त उपलव्धीको व्यहोरा सहितको भ्रमण प्रतिबेदन समेत कार्यालयमा पेश गर्नु पर्ने व्यबस्था रहेको छ ।यसैगरी भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ अनुसार भ्रमणमा खटिने कर्मचारी वा पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि तोकिएको ढाँचामा भ्रमण अभिलेख राख्नु पर्ने व्यबस्था रहेको छ ।यसबर्ष गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीलाई भ्रमणभत्ता खर्च लेखेको देखियो ।

पदाधिकारीहरुले ऐनले तोकेको अवधिभन्दा बढी अबधिको भ्रमण आदेश आफैले स्विकृत गरेको कार्यपालिकाको बैठक बाट अनुमोदन नगरेको, भ्रमणको उद्धेश्य स्पष्ट उल्लेख नगरेको, भ्रमण प्रतिबेदन दिने नगरेको र नियमानुसार भ्रमण अभिलेख राख्ने गरेको देखिएन । कानूनमा तोकिए बमोजिमको प्रकृया पालना गर्नुृ पर्दछ ।

३०. **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने

व्यवस्था छ।साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. ७८१९७६० तलब भत्ता भुक्तानी गरेकोले अनियमित देखिएको रु.

७८१९७६०

३१. **नाफामूलक संस्थालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ।जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन।तर पालिकाले यस वर्ष आगेजुङ चिया उत्पादक सहकारी संस्था लगायतलाई रु.१६८२१८७ अनुदान उपलब्ध गराएको रकम अनियमित देखिएको रु.

१६८२१८७

भौ नं मिति	संस्थाको नाम	अनुदान रकम
५७।०७६।८।९	आगेजुङ चिया उत्पादक सहकारी संस्थालाई	५०००००
२८१।०७७।३।२९	आगेजुङ चिया उत्पादक सहकारी संस्थालाई	५०००००
२२८।०७७।३।१८	महिला सहकारी संस्था	९९९२५
३३६।०७७।३।२०	हिमाली चिया उत्पादक सहकारी संस्था	१९५०००
५७।०७७।८।९	दोरुम्वा कृषि संकलन तथा विक्री केन्द्र	२८७२६२
७९।०७७।१०।२२	केराव री कृ ि सहकारी संस्था	१०००००
जम्मा		**१६८२१८७**

३२. **वैठक भत्ता - ४५।०७७।७।२२** कुनै पनि ऐनद्वारा गठीत समितिले नियमित रुपमा कार्य गर्दा वैठक वस्नु परेमा तोकिएको दरमा वैठक भत्ता भुक्तानी गर्ने व्यवस्था रहेको छ । कार्यालयले कार्यालयको नियमित रुपमा कार्यालय समयमा वसेको कर्मचारी वैठकको निर्णय पुस्तिकामा कार्यालय परीसर सरसफाइ गर्ने, विजया दशमीको शुभकामना आदान प्रदान गर्ने, वेरुजु सम्परीक्षण गर्ने, कर्मचारीलाई पेश्की फछ्र्यौट गर्न लगाउने जस्ता निर्णय गरी निम्नानुसार वैठक भत्ता भुक्तानी गरेको अनियमित देखिएको रु.

९६९००

सि नं	कर्मचारीको नाम	भुक्तानी रकम
१	प्रविन दाहाल १५००का दरले ४ वैठक	५१००
२	सुवास भट्टराई १५००का दरले ४ वैठक	५१००
३	विश्वनाथ भण्डारी १५००का दरले ४ वैठक	५१००
४	लोकनाथ भट्टराई १५००का दरले ४ वैठक	५१००
५	चन्द्र प्रसाद शर्मा १५००का दरले ४ वैठक	५१००
६	र िन शिवाकोटी १५००का दरले ४ वैठक	५१००
७	देवेन्द्र कटुवाल १५००का दरले ४ वैठक	५१००
८	उगेनमणी लिम्वु १५००का दरले ४ वैठक	५१००

९	ज्ञान वहादुर अधिकारी १५००का दरले ४ वैठक	५१००
१०	भुवन पासवान १५००का दरले ४ वैठक	५१००
११	नारायण ओझा १५००का दरले ४ वैठक	५१००
१२	वेद प्रासद मिश्र १५००का दरले ४ वैठक	५१००
१४	जीवन भण्डारी १५००का दरले ४ वैठक	५१००
१५	आभास अर्याल १५००का दरले ४ वैठक	५१००
१६	संजय खनाल १५००का दरले ४ वैठक	५१००
१७	अनिल थुलुङ राई सिता राई १५००का दरले ४ वैठक	५१००
१८	वजिन्द्र पुरि १५००का दरले ४ वैठक	५१००
१९	हरिमाया गिरी १५००का दरले ४ वैठक	५१००
जम्मा		**९६९००**

३३.	**वढी भुक्तानी -** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ ।पालिकाले रविन सिवाकोटीको २०७६।१०।२४ को पेश्की फछ्यौंट निवेदन अनुसार रु.१५०००० पेश्की फछ्यौंट गरी रु. ९०७७ मात्र भुक्तानी गर्नु पर्नेमा रु. १५९०७७ खर्च लेखेको देखीएकोले वढी भुक्तनी रकम रु.१५०००० असुल उपर हुनुपर्ने रु.	१५००००
३४.	**वढी भुक्तानी -** पालिका क्षेत्र भित्रका वाल कक्षा देखी कक्षा ५ सम्मका विद्यार्थीका लागि अंग्रेजी विषय पढाउने नीतिका साथ अंग्रेजी पाठ्यपुस्तक खरीद भएको देखियो । पालिका भित्रका विद्यालयमा वाल कक्षामा जम्मा ५९० विद्यार्थी भएकोमा ६३१ विद्यार्थीलाई पाठ्यपुस्तक वापतको रकम निकासा भएकोले ४१ विद्यार्थीको रु.४८० ले वढि निकासा भएको रकम रु.१९६८० असुल गर्नुपर्ने रु.	१९६८०
३५.	**तलव भत्ता** - १०३।२०७७।११।२३ कार्यालयले कृषि र पशु तर्फको पौष महिनाको तलव भत्ता रु. ७५७६१४ ससर्त तर्फ वाट भुक्तानी गरिसकेपछि पुन वित्तीय समानीकरण चालु वाट समेत भुक्तानी गरेकोले दोहोरो भुक्तानी भएको नभएको एकिन गर्नुपर्ने छानविनवाट दोहोरो भए नभएको एकिन गरी दोहोरो देखिन आए असुल गर्नुपर्ने रु.	७५७६१४

<table>
<tr><td>३६.</td><td>छुट प्राप्त नगरेको - सार्वजनिक निकायले कार्यालय प्रयोजनको लागी विज्ञापन गर्दा लाग्ने विज्ञापन शुल्कमा राष्ट्रिय दैनिक पत्रिकामा भए २५ प्रतिशत र अन्यमा १५ प्रतिशतका दरले छुट प्राप्त गर्नुपर्नेमा पालिकाले देहायको विज्ञापनको भुक्तानीमा नियमानुसार छुट प्राप्त नगरी पुरा भुक्तानी गरेकोले रु.३१९२० व्ययभार पारेको रु.
<table>
<tr><td>भौ नं मिति</td><td>भुक्तानी पाउनेको नाम</td><td>कुल भुक्तानी रकम</td><td>प्राप्त नगरेको छुट</td></tr>
<tr><td>२९८।०७७।३।३१</td><td>आमा पाथिभर मिडिया प्रा लि</td><td>१५८२००</td><td>२१०००</td></tr>
<tr><td>२९८।०७७।३।३१</td><td>आमा पाथिभर मिडिया प्रा लि</td><td>८२२६४</td><td>१०९२०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२४०४६४</td><td>३१९२०</td></tr>
</table></td><td>३१९२०</td></tr>
<tr><td>३७.</td><td>महंगी भत्ता बढी भुक्तानी - ५।०७६।६।१२ गाउँपालिकाले सुचना प्रविधि अधिकृत रविन कुमारलाई तलब भत्ता भुक्तानी गर्दा महंगी भत्ता रु.६००० बढी भुक्तानी गरेको देखिएकोले असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td>६०००</td></tr>
<tr><td></td><td>संघीय शसर्त अनुदान</td><td></td></tr>
<tr><td>३८.</td><td>शिक्षकको तलब भत्ता निकासा - शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । गाउँपालिकाले मातहतका विद्यालयहरुको तलब भत्ता निकाशा गर्दा निम्न शिक्षकहरुको तलब भत्ता बढी निकासा पठाएकोले असुल गर्नु पर्ने रु.
<table>
